वर्ष २ अंक ६

# अर्थ बुलेटिन

## (आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक तथ्याङ्कमा आधारित)

**प्रमुख झलकहरु**

- *कोभिड-१९ को संक्रमण जोखिम कायमै रहेको कारण आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा आर्थिक गतिविधिहरु पूर्णरुपमा चलायमान नभएतापनि धेरै जसो आर्थिक परिसूचकहरु सन्तोषजनक रहेका छन्। कोभिड-१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचारको क्रममा अवलम्बन गरिएका क्रियाकलापहरुबाट संक्रमण जोखिम क्रमशः घट्दै गई लगानी, उत्पादन र उपभोग क्रमशः बढ्दै जान थालेको छ। आमनागरिकको जनजीवन सहज वन्दै गएको छ। कोभिड-१९ विरूद्धको खोप अभियान सुरू भएबाट उपभोक्ता तथा व्यावसायीहरुको आत्मविश्वास बढेको हुँदा त्यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा देखिन थालेको छ।*
- *चालु आर्थिक वर्षको पौषसम्म औसत उपभोक्ता मुद्रास्फीति ३.७२ प्रतिशत रही मूल्य स्थिरता कायम भएको छ।*
- *संघीय सरकारी खर्च १.२७ प्रतिशतले बढेको छ। कोरोना महामारीको कारण पुँजीगत खर्चले अपेक्षित गति लिन सकेको छैन। पछिल्ला महिनाहरुमा राजस्व परिचालन क्रमशः सुधारोन्मुख रहेको छ। यस अवधिमा भन्सार विन्दुमा संकलन हुने राजस्व ४.७ प्रतिशतले बढेको छ।*
- *करको दायरा विस्तार हुँदै गएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या करिव ३७ लाख ४८ हजार पुगेको छ।*
- *वैदेशिक सहायता प्रतिबद्धता १५७.० प्रतिशतले बढेर रू १८७ अर्ब ४४ करोड पुगेको छ। यस अवधिमा रू. ३७ अर्ब ५० करोड वरावरको वैदेशिक सहायता प्राप्त भएको छ। सार्वजनिक ऋण दायित्व रु. १५ खर्ब ७ अर्ब पुगेको छ। यस अवधिमा रू. ५७ अर्ब आन्तरिक ऋण परिचालन भएको छ।*
- *वस्तु पैठारीमा आएको संकुचन तथा निकासीमा भएको वृद्धिको कारण व्यापार तथा चालु खाता घाटामा तुलनात्मक रुपमा सुधार भएको छ। शोधानान्तर स्थिति रू. १२५ अर्बले वचतमा रहेको छ। महामारीको समयमा समेत विप्रेषण आप्रवाह ११.१ प्रतिशतले बढेको छ।*
- *विदेशी विनिमय सञ्चिति रू. १४ खर्ब ९४ अर्ब पुगेको छ। उक्त सञ्चितिले १२.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अनुमान छ।*
- *कोरोना महामारीको कारण वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा व्यापक रुपमा संकुचन भएको छ। पर्यटक आगमन संकुचन भएका कारण होटल तथा पर्यटन उद्योगमा ठूलो धक्का पुगेको छ।*
- *यस अवधिमा वित्तीय क्षेत्रका परिसूचकहरु प्रायः सकारात्मक रहेका छन्। वित्तीय पहुँचमा वृद्धि भएको छ। ४ स्थानीय तह बाहेक सबै तहमा वाणिज्य बैङ्कको उपस्थिति रहेको छ। कर्जा र निक्षेपको भारित औसत व्याजदर तुलनात्मक रुपमा घटेको छ। बीमा प्रिमियम संकलन बढेको छ। पुँजीबजारमा लगानीकर्ताको आकर्षण बढ्दै गएको कारण नेप्से सूचकाङ्क हालसम्मकै उच्च विन्दुमा पुगेको छ। साथै, बजार पुँजीकरण रू. ३० खर्ब ८० अर्ब पुगेको छ।*

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को पौषसम्म संघीय सरकारको कुल खर्च रू. ४ खर्ब १५ अर्ब ७५ करोड पुगेको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिमा भएको खर्च रू. ४ खर्ब १० अर्ब ५२ करोडको तुलनामा १.२७ प्रतिशतले बढी हो। कुल खर्च मध्ये चालु खर्च रू. ३ खर्ब ४२ अर्ब ३६ करोड, पुंजीगत खर्च रू. ५० अर्ब ८२ करोड र वित्तीय व्यवस्था तर्फ रू. २२ अर्ब ५७ करोड रहेको छ। यस अवधिमा चालु खर्च १०.५६ प्रतिशतले बढेको छ भने पुंजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः १९.६० प्रतिशत र ४०.०८ प्रतिशतले घटेको छ ।

**चार्ट (१): पछिल्लो ५ वर्षको पौष महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | पौषसम्म | | | | | वृद्धिदर | |
|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| चालु खर्च | २१८६३.९ | ३३१०४.३ | २९६५७.६ | ३०९६५.१ | ३४२३५.६ | ४.४१ | १०.५६ |
| पुंजीगत खर्च | ३५२३.८८ | ४८३९.२२ | ५५५२.०३ | ६३२०.४ | ५०८१.६९ | १३.८४ | -१९.६० |
| वित्तीय व्यवस्था | २०८२.१४ | २०२१.९७ | २३७२.४७ | ३७६६.८ | २२५७.२२ | ५८.७७ | -४०.०८ |
| **कुल संघीय खर्च** | **२७४७०** | **३९९६५.४** | **३७५८२.१** | **४१०५२.३** | **४१५७४.५** | **९.२३** | **१.२७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको पौष महिनासम्म कुल विनियोजित बजेटको २८.१९ प्रतिशत खर्च भएको छ। यस अवधिमा असोज महिनामा सबैभन्दा बढी खर्च (८.९९ प्रतिशत) भएको छ भने श्रावण महिनामा सबैभन्दा कम खर्च (०.१३ प्रतिशत) भएको छ। गत आर्थिक वर्षको पौषसम्म विनियोजित बजेटको २६.७१ प्रतिशत खर्च भएको थियो।

३. यस अवधिमा चालु खर्च तर्फ विनियोजित बजेटको ३६.०८ प्रतिशत, पुंजीगत खर्च १४.४० प्रतिशत र वित्तीय व्यवस्था तर्फ १३.०६ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा चालु, पुंजीगत र वित्तीय व्यवस्था तर्फ क्रमशः ३२.३५ प्रतिशत, १५.३८ प्रतिशत र २२.१२ प्रतिशत रकम खर्च भएको थियो।

४. चालु आर्थिक वर्षको सुरुदेखि नै कोरोना महामारीको कारण आर्थिक गतिविधिहरुमा संकुचन आएको कारण सो को प्रभाव संघीय सरकारी खर्चमा समेत परेको छ। यद्यपि पछिल्ला महिनाहरुमा कोरोना महामारीको प्रभाव क्रमशः न्यून हुँदै गएको कारण तद्अनुरुपको प्रभाव सरकारी खर्चमा समेत परेको छ।

**तालिका (२): चालु आर्थिक वर्षको पौषसम्मको मासिक खर्च स्थिति** (रू. करोडमा) **पुंजी खर्च प्रगति** (प्रतिशतमा)


| महिना | चालु खर्च | खर्च प्रगति | पुंजीगत खर्च | खर्च प्रगति | वित्तीय व्यवस्था | खर्च प्रगति | कुल संघीय खर्च | खर्च प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १७२.८३ | ०.१८ | १३.३३ | ०.०४ | ११.७५ | ०.०७ | १९७.९१ | ०.१३ |
| भदौ | ६१५१.५१ | ६.४८ | ३६१.९२ | १.०३ | १४५.५३ | ०.८४ | ६६५८.९६ | ४.५२ |
| असोज | ११९३७.५५ | १२.५८ | ११२९.३३ | ३.२० | १८४.११ | १.०७ | १३२५०.९९ | ८.९९ |
| कार्तिक | ४७५०.३१ | ५.०१ | १४३९.९४ | ४.०८ | ६०८.९२ | ३.५२ | ६७९९.१७ | ४.६१ |
| मङ्सिर | ५०६२.०८ | ५.३३ | ६४९.६५ | १.८४ | २२७.०५ | १.३१ | ५९३८.७८ | ४.०३ |
| पौष | ६१६१.३५ | ६.४९ | १४८७.५२ | ४.२१ | १०७९.८६ | ६.२५ | ८७२८.७३ | ५.९२ |
| **पौषसम्मको जम्मा** | **३४२३५.६३** | **३६.०८** | **५०८१.६९** | **१४.४०** | **२२५७.२२** | **१३.०६** | **४१५७४.५४** | **२८.१९** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

५. आर्थिक वर्ष २०७७/७८ को पौषसम्म संघीय सरकारको कुल राजस्व रू.४ खर्ब २२ अर्ब २४ करोड रहेको छ। यो राजस्व गत आर्थिक वर्षको सोही अवधिको राजस्वको तुलनामा २.५ प्रतिशतले कमी हुन गएको छ। कुल राजस्वमा कर राजस्व रू. ३ खर्ब ८६ अर्ब ५३ करोड र गैरकर राजस्व रू. ३५ अर्ब ७० करोड रहेको छ। यस अवधिमा कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ४ खर्ब ५० अर्ब ६ करोड रहेको छ।

**चार्ट (१): पछिल्लो ५ वर्षको पौष महिनासम्मको राजस्व संकलनको प्रवृत्ति** (रू.करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा संकलित कुल राजस्वमा सबैभन्दा बढी अंश मूल्य अभिवृद्धि करको २९.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल र मूल्य अभिवृद्धि करको अंश बढेको छ भने आयकर, अन्य कर र गैरकर राजस्वको अंश घटेको छ। अन्तःशुल्क राजस्वको अंशमा भने परिवर्तन भएको देखिदैन। कुल राजस्वमा कर राजस्वको अंश ९१.५ प्रतिशत रहेको छ।


**तालिका (३) : पछिल्लो ५ वर्षको पौष महिनासम्मको राजस्व संरचनाको स्थिति** (रू. करोडमा)

| आर्थिक वर्ष | भन्सार महशुल | मू.अ.कर | अन्तःशुल्क | आयकर | अन्य कर | कर राजस्व | गैरकर | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| २०७३-०९ | ५,५४५.४ | ७,४७५.० | ४,३८८.१ | ६,१८८.६ | १,९६९.८ | २५,५६६.९ | २,१९०.३ | २७,७५७.२ |
| राजस्वमा अंश | २०.० | २६.९ | १५.८ | २२.३ | ७.१ | ९२.१ | ७.९ | १००.० |
| २०७४-०९ | ६,१९५.१ | ९,२४०.७ | ४,६९७.९ | ७,२००.१ | २,३६२.३ | २९,६९६.२ | ३,८१३.८ | ३३,५१०.० |
| राजस्वमा अंश | १८.५ | २७.६ | १४.० | २१.५ | ७.० | ८८.६ | ११.४ | १००.० |
| २०७५-०९ | ७,९६४.१ | ११,७१०.० | ६,१५०.६ | ८,६४२.८ | १,२८७.० | ३५,७५४.६ | ३,७०८.९ | ३९,४६३.५ |
| राजस्वमा अंश | २०.२ | २९.७ | १५.६ | २१.९ | ३.३ | ९०.६ | ९.४ | १००.० |
| २०७६-०९ | ७,७९२.५ | १२,६७५.४ | ६,३६४.५ | ११,२५९.८ | १,१०५.३ | ३९,१९७.५ | ४,१२६.८ | ४३,३२४.३ |
| राजस्वमा अंश | १८.० | २९.३ | १४.७ | २६.० | २.६ | ९०.५ | ९.५ | १००.० |
| २०७७-०९ | ९,०७८.५ | १२,५२३.६ | ६,१९२.८ | ९,९१४.८ | ९४३.८ | ३८,६५३.४ | ३,५७०.२ | ४२,२२३.६ |
| राजस्वमा अंश | २१.५ | २९.७ | १४.७ | २३.५ | २.२ | ९१.५ | ८.५ | १००.० |

स्रोतः अर्थ मन्त्रालय।

७. चालु आर्थिक वर्षको पौषसम्म संकलित कुल राजस्व मध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९१.५ प्रतिशत र ८.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९०.५ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो। कुल राजस्वमा मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महशुल र अन्तःशुल्कको हिस्सा क्रमशः २९.७ प्रतिशत, २३.५ प्रतिशत, २१.५ प्रतिशत र १४.७ प्रतिशत रहेको छ।

**चार्ट (२): चालु आर्थिक वर्षको पहिलो ६ महिनाको राजस्व संरचना** (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय।

८. चालु आर्थिक वर्षको पौषसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा १६.५ प्रतिशतले वृद्धि भएको छ भने करका अन्य विभिन्न शीर्षकमा संकलन भएको राजस्वमा कमी आएको छ। अन्य प्राप्ति भने वृद्धि भएको छ।

९. चालु वर्षको पौषसम्मको शीर्षकगत लक्ष्यमा आयकर शीर्षकको ब्याज कर उपशीर्षक र मूल्य अभिवृद्धि कर शीर्षकको उत्पादन/बिक्री उपशीर्षकमा राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ भने अन्य शीर्षकको राजस्व संकलनमा लक्ष्य भन्दा कमी आई समग्र राजस्व संकलन लक्ष्यको ८८.८५ प्रतिशत संकलन भएको छ।

**तालिका (४): राजस्व लक्ष्य र असुलीको विवरण** (रू.करोडमा)

| कर शीर्षक | आ.व. २०७७/७८ वार्षिक लक्ष्य | पौषसम्मको राजस्व असुली | | प्रतिशत परिवर्तन | आ.व. २०७७/७८ को पौषसम्मको लक्ष्य | पौषसम्मको लक्ष्यको तुलनामा असूली % |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | | | |
| भन्सार महशुल | १९३५५.४७ | ७७९२.५३ | ९०७८.४८ | १६.५० | ९६४४.८८ | ९४.१३ |
| मूल्य अभिवृद्धि कर | ३०२१६.८७ | १२६७५.४० | १२५२३.६१ | -१.२० | १४६४५.३८ | ८५.५१ |
| उत्पादन, बिक्री, | ११२०३.६२ | ५२९९.०४ | ५४८५.९५ | ३.५३ | ५१३८.७६ | १०६.७६ |
| पैठारी | १९०१३.२५ | ७३७६.३७ | ७०३७.६६ | -४.५९ | ९५०६.६३ | ७४.०३ |
| अन्त:शुल्क | १५५५०.४१ | ६३६४.५१ | ६१९२.७८ | -२.७० | ७४३७.२८ | ८३.२७ |
| आन्तरिक | ९८९२.२९ | ३८४७.७१ | ३७८४.०४ | -१.६५ | ४६०८.२२ | ८२.१२ |
| पैठारी | ५६५८.१२ | २५१६.८० | २४०८.७४ | -४.२९ | २८२९.०६ | ८५.१४ |
| आयकर | २३८०३.८७ | ११२५९.७८ | ९९१४.७७ | -११.९५ | १०७२६.५७ | ९२.४३ |
| आयकर | २१५०३.१३ | १०१४६.८८ | ८७२८.४६ | -१३.९८ | ९५७३.०४ | ९१.१८ |
| ब्याज कर | २३००.६२ | १११२.९० | ११८६.३० | ६.६० | ११५३.५२ | १०२.८४ |
| अन्य कर# | २३६८.४० | ११०५.२७ | ९४३.७९ | -१४.६१ | ११०७.३६ | ८५.२३ |
| कर राजस्व जम्मा | ९१२९४.९० | ३९१९७.५० | ३८६५३.४२ | -१.३९ | ४३५६१.४८ | ८८.७३ |
| गैर कर | ९८८०.९४ | ४१२६.८४ | ३५७०.१७ | -१३.४९ | ३९५८.४८ | ९०.१९ |
| कुल राजस्व जम्मा | १०११७५.८४ | ४३३२४.३४ | ४२२२३.५९ | -२.५४ | ४७५१९.९६ | ८८.८५ |
| अन्य प्राप्ति | ०.०० | २६४८.९२ | २७८२.८३ | ५.०६ | ०.०० | ०.०० |
| **जम्मा** | **१०११७५.८४** | **४५९७३.२६** | **४५००६.४२** | **-२.१०** | **४७५१९.९६** | **९४.७१** |

स्रोतः अर्थ मन्त्रालय।

# अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा अघिल्लो वर्षको नगद मौज्दात र वेरुजु रकम समावेश गरिएको छ।

१०. यस अवधिमा भन्सार बिन्दुमा संकलन भएको कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.७४ प्रतिशतले बढेर रू. १ खर्ब ८५ अर्ब २५ करोड पुगेको छ भने आन्तरिकतर्फको कर राजस्व (अन्य कर सहित) ६.४३ प्रतिशतले घटेर रू. २ खर्ब १ अर्ब २९ करोड रहेको छ। यस अवधिको संकलित कर राजस्वमा आन्तरिकतर्फ संकलन भएको कर राजस्वको अंश ५२.१ प्रतिशत रहेको छ।


**तालिका (५) : चालु आर्थिक वर्षको पौष महिनासम्मको मासिक राजस्व परिचालन** (रू. करोडमा)

| राजस्व शीर्षक | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १०१२.१९ | ११०४.६५ | १६४१.०८ | १७४३.३९ | १६७८.६३ | १८९८.५५ | ९०७८.४८ |
| मूल्य अभिवृद्धि कर | २०९१.३४ | १७८३.९९ | १९३१.०१ | २०५७.२९ | २१५१.६० | २५०८.३७ | १२५२३.६१ |
| अन्त:शुल्क | ७६२.९३ | ७५६.११ | १३७८.५३ | ११६४.५९ | १०५३.८६ | १०७६.७५ | ६१९२.७८ |
| आयकर | १७१३.९४ | ७६२.९८ | १०४८.२१ | ११००.०२ | ७८६.०१ | ४५०३.६१ | ९९१४.७७ |
| अन्य कर | ७८.४९ | ८५.०३ | १९२.३२ | १९५.८३ | १८४.४३ | २०७.६८ | ९४३.७९ |
| कर राजस्व जम्मा | ५६५८.८९ | ४४९२.७८ | ६१९१.१४ | ६२६१.१२ | ५८५४.५३ | १०१९४.९६ | ३८६५३.४२ |
| गैर कर | २२५.८५ | १६०.५७ | ५०७.२० | ५१७.७४ | २५९.०३ | १८९९.८० | ३५७०.१७ |
| कुल राजस्व जम्मा | ५८८४.७४ | ४६५३.३४ | ६६९८.३४ | ६७७८.८६ | ६११३.५६ | १२०९४.७६ | ४२२२३.५९ |
| अन्य प्राप्ति | ७८१.०७ | ३३४.५० | ११४०.९१ | १९५.७९ | १०१.२६ | २२९.३० | २७८२.८३ |
| जम्मा राजस्व/प्राप्ति | ६६६५.८० | ४९८७.८५ | ७८३९.२५ | ६९७४.६५ | ६२१४.८२ | १२३२४.०६ | ४५००६.४२ |

स्रोतः अर्थ मन्त्रालय।

११. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कुल राजस्व परिचालनमा पौष महिनामा मात्र संकलन भएको राजस्वको अंश २८.६ प्रतिशत रहेको छ। पौष महिनामा मात्र गैरकर राजस्व ५३.२ प्रतिशत संकलन भएको छ भने कर राजस्व २८.६ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महशुल शीर्षकमा संकलन भएको राजस्व पौष महिनामा उच्च रहेको छ भने अन्त:शुल्क राजस्व असोज महिनामा उच्च रहेको छ। कोरोना संक्रमणको कारण श्रावण र भदौ महिनामा भन्सार महशुल परिचालन तुलनात्मक रुपमा न्यून रहेपनि भदौ पश्चात भन्सार महशुलको संकलन क्रमशः सुधार भएको छ।

चार्ट (३): चालु आर्थिक वर्षको पौषसम्मको मासिक राजस्व परिचालनको स्थिति (रू. करोडमा)




स्रोत: अर्थ मन्त्रालय।

## संघीय राजस्व

१२. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ३ खर्ब ८३ अर्ब ६७ करोडको तुलनामा २.७ प्रतिशतले संकुचन भई रू. ३ खर्ब ७३ अर्ब ३१ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको पौषसम्मको रू. ४९ अर्ब ५७ करोडको तुलनामा १.३ प्रतिशतले संकुचन भई रू. ४८ अर्ब ९२ करोड रहेको छ।

## करको दायरा विस्तार

१३. २०७७ पौषसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ३७ लाख ४७ हजार ५ सय २४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ३ हजार ७६ (४०.१ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २२ लाख ३७ हजार २ सय ७४ (५९.७ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ७ हजार १ सय ७४ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ७९ हजार ९ सय ३३ र अन्त:शुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १० हजार ३१ पुगेको छ।

तालिका (६): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७६/७७ को पौषसम्ममा थप | २०७७/७८ को पौषसम्ममा थप | वार्षिक प्रतिशत परिवर्तन | हालसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १३७२८५७ | १५०८७७ | १३०२१९ | -१३.६९ | १५०३०७६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७५९३१ | ८१३९७८ | २६१३४३ | -६७.८९ | २२३७२७४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | २६८५ | २०६८ | -२२.९८ | ७१७४ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **३३५३८९४** | **९६७५४०** | **३९३६३०** | **-५९.३२** | **३७४७५२४** |
| मू.अ.कर | २५८६७५ | ३४१४२ | २१२५८ | -३७.७४ | २७९९३३ |
| अन्त: शुल्क | ९८०३६ | १७९३५ | ११९९५ | -३३.१२ | ११००३१ |

स्रोत: आन्तरिक राजस्व विभाग।

# स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

१४. कोभिड-१९ को कारण परिस्थिति सहज हुन नसक्दा करको दायरा विस्तारमा समेत प्रभाव परेको छ। चालु आर्थिक वर्षको पौष मसान्तसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ५९.३ प्रतिशतले घटेको छ। त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या ३७.७ र अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ३३.१ प्रतिशतले घटेको छ।

१५. मासिकरुपमा विश्लेषण गर्दा असोज महिनामा थप स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या सवैभन्दा उच्च रहेको छ भने कार्तिक महिनामा यस्तो सङ्ख्या सबैभन्दा न्यून रहेको छ।

**तालिका (७): चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप स्थायी लेखा नम्बर लिने करदाताको मासिक विवरण**

| विवरण | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| कुल स्थायी लेखा नम्बर (सुरु देखिको जम्मा) | ३३८९९१३ | ३४३७०७८ | ३५३३०३४ | ३५७९४७७ | ३६४१३५९ | ३७४७५२४ | ३७४७५२४ |
| **कुल स्थायी लेखा नम्बर (थप भएको)** | ५२४२१ | ४७१६५ | ९५९५६ | ४६४४३ | ६१८८२ | ८९७६३ | ३९३६३० |
| व्यवसायिक स्थायी लेखा नम्बर थप | १५५२२ | ९७६० | ३५४४२ | १६८९७ | २२४४७ | ३०१५१ | १३०२१९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर थप | ३६६८२ | ३७०८० | ६००७८ | २९२९४ | ३९०८० | ५९१२९ | २६१३४३ |
| करकट्टी गने निकायले लिएका स्थायी लेखा नम्बर थप | २१७ | ३२५ | ४३६ | २५२ | ३५५ | ४८३ | २०६८ |
| मूल्य अभिवृद्धि करमा दर्ता थप | ३८५८ | १७०९ | ४९५५ | २७९३ | १२२४ | ६७१९ | २१२५८ |
| अन्तशुल्कमा दर्ता थप | २८४७ | ७४५ | २२०७ | ११०६ | ३५८७ | १५०३ | ११९९५ |

स्रोतः आन्तरिक राजस्व विभाग।

१६. चालु आर्थिक वर्षको पौषसम्ममा संघीय सरकारको आय ३.६ प्रतिशतले न्यून भई रू.४ खर्ब ८ अर्ब ६० करोड रहेको छ भने कुल संघीय संचित कोषमा प्राप्ति (ऋणसहित) ७.६ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको राजस्व वचत रू.३० अर्ब ९६ करोड रहेको छ भने बजेट घाटा रू.७ अर्ब १४ करोड रहेको छ। यस अवधिमा सरकारले ट्रेजरी बिलतर्फ रू. ७ अर्ब र विकास ऋणपत्र अन्तर्गत रू. ५० अर्ब गरी जम्मा रू. ५७ अर्ब बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। यस अवधिमा संघीय सरकारले रू.३० अर्ब ४ करोड वरावरको वैदेशिक ऋण तथा रू.७ अर्ब ४६ करोड वरावरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

**तालिका (८): पछिल्लो ३ वर्षको पौषसम्मको साधनस्रोत तथा खर्चको अवस्था** (रू.करोडमा)

| विवरण | | पौषसम्म | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| संघीय राजस्व # | १ | ३४९२८.१ | ३८३६७.४ | ३७३३१.३ | ९.८ | -२.७ |
| अन्य प्राप्ति | २ | ६७३.३ | २६४८.९ | २७८२.८ | २९३.४ | ५.१ |
| वैदेशिक अनुदान | ३ | ७०८.० | १३७३.० | ७४६.३ | ९३.९ | -४५.६ |
| **कुल संघीय आय** | ४ = [१+२+३] | **३६३०९.३** | **४२३८९.३** | **४०८६०.४** | **१६.७** | **-३.६** |
| आन्तरिक ऋण परिचालन | ५ | ०.० | ०.० | ५७००.० | - | - |
| वैदेशिक ऋण प्राप्ति | ६ | २६५५.० | ३२४४.० | ३००४.१ | २२.२ | -७.४ |
| **कुल संघीय प्राप्ति** | ७ = [४+५+६] | **३८९६४.३** | **४५६३३.३** | **४९५६४.५** | **१७.१** | **८.६** |
| **कुल संघीय खर्च** | ८ | **३७५८२.१** | **४१०५२.३** | **४१५७४.५** | **९.२** | **१.३** |
| **स्रोत वचत(+)/न्यून (-)** | [७-८] | **१३८२.२** | **४५८१.०** | **७९८९.९** | **२३१.४** | **७४.४** |
| संघीय चालु खर्च | ९ | २९६५७.६ | ३०९६५.१ | ३४२३५.६ | ४.४ | १०.६ |
| **राजस्व वचत (+)/न्यून (-)** | [१-९] | **५२७०.५** | **७४०२.३** | **३०९५.७** | **४०.४** | **-५८.२** |
| **वजेट वचत (+)/न्यून (-)** | [४-८] | **-१२७२.८** | **१३३७.०** | **-७१४.१** | **-२०५.०** | **-१५३.४** |

श्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।   # बाँडफाँड अघिको रोयल्टीसहित।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

१७. आर्थिक वर्ष २०७७/७८ को पौष महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू. ७२ अर्ब ९५ करोडको तुलनामा १५६.९ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ८७ अर्ब ४४ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता रू.१८ अर्ब १३ करोड र ऋण सहायता रू.१ खर्ब ६९ अर्ब ३१ करोड रहेको छ।

१८. मासिकरुपमा विश्लेषण गर्दा २०७७ श्रावण महिनामा सवैभन्दा बढी वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ भने असोज महिनामा सबैभन्दा कम सहायता प्रतिबद्धता प्राप्त भएको छ।

**तालिका (९): पछिल्लो २ वर्षको मासिक वैदेशिक सहायता प्रतिबद्धताको स्थिति** (रू. करोडमा)

| महिना | आर्थिक वर्ष २०७६/७७ | | | आर्थिक वर्ष २०७७/७८ | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा |
| श्रावण | ९४.४७ | ०.०० | ९४.४७ | ९३.५० | ५४००.०० | ५४९३.५० |
| भदौ | ११४०.०० | ०.०० | ११४०.०० | ५४२.०३ | २३७१.६० | २९१३.६३ |
| असोज | ०.०० | ३३३.०० | ३३३.०० | १३२.३६ | ०.०० | १३२.३६ |
| कार्तिक | ०.०० | ०.०० | ०.०० | ५१५.१६ | ०.०० | ५१५.१६ |
| मंसिर | २७४.७५ | ५४५२.७७ | ५७२७.५२ | ४११.६३ | ४१४४.७० | ४५५६.३३ |
| पौष | ०.०० | ०.०० | ०.०० | ११७.८५ | ५०१४.८० | ५१३२.६५ |
| **जम्मा** | **१५०९.२२** | **५७८५.७७** | **७२९४.९९** | **१८१२.५३** | **१६९३१.१०** | **१८७४३.६३** |


स्रोतः अर्थ मन्त्रालय।

१९. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सडक तथा सुशासन क्षेत्रमा ५७ प्रतिशत, उर्जा क्षेत्रमा २९ प्रतिशत, शिक्षा र स्वास्थ्य तथा कोभिड क्षेत्रमा ५/५ प्रतिशत, कृषि, वन र वातावरण क्षेत्रमा ३ प्रतिशत र पुनर्निर्माण क्षेत्रमा १ प्रतिशत रहेको छ।

२०. यस अवधिमा वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः २०.७ प्रतिशत र ७९.३ प्रतिशत रहेको थियो।

२१. यस अवधिको कुल बैदेशिक सहायता प्रतिबद्धतामध्ये सडक शीर्षकमा सबैभन्दा बढी २८.८ प्रतिशत र सबैभन्दा कम पुनर्निर्माणमा ०.३ प्रतिशत प्रतिबद्धता प्राप्त भएको छ। यसैगरी, ऊर्जा, Development Policy Credit (DPC), मानव क्षमता अभिवृद्धि, सहरी विकास र कृषिमा यस्तो प्रतिबद्धता क्रमशः २४.६ प्रतिशत, १२.६ प्रतिशत, ९.५ प्रतिशत, ९.५ प्रतिशत र ५.७ प्रतिशत रहेको छ।

**चार्ट (४): आर्थिक वर्ष २०७७/७८ को पौषसम्मको वैदेशिक सहायता प्रतिबद्धताको संरचना** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण र वैदेशिक सहायता परिचालन


२२. २०७७ पौषसम्म कुल ३७ अर्ब ५० करोड बराबरको वैदेशिक सहायता परिचालन गरिएको छ। जसमध्ये रू. ७ अर्ब ४६ करोड वरावरको वैदेशिक अनुदान र रु. ३० अर्ब ४ करोड वरावरको वैदेशिक ऋण रहेको छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा अनुदान रू. १३ अर्ब ७३ करोड र ऋण रू. ३२ अर्ब ४४ करोड गरी जम्मा रू. ४६ अर्ब १७ करोड वरावरको वैदेशिक सहायता प्राप्त भएको थियो।

२३. यस अवधिमा संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु. १५ खर्ब ६ अर्ब ८१ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रु. ६ खर्ब ६४ अर्ब २१ करोड र वैदेशिक ऋण ८ खर्ब ४२ अर्ब ५९ करोड रहेको छ। २०७७ पौषसम्म आन्तरिक ऋण तर्फ रू. ६ अर्ब साँवा भुक्तानी र रू. १३ अर्ब ९६ करोड ब्याज भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋणको साँवा तर्फ रू. २ अर्ब ४० करोड र ब्याजतर्फ रू. १० अर्ब ३१ करोड भुक्तानी गरिएको थियो। त्यसैगरी, यस अवधिमा बाह्य ऋण तर्फ रु.१० अर्ब ७४ करोड साँवा भुक्तानी भएको छ।

२४. यस अवधिको कुल तिर्न बाँकी वैदेशिक ऋण दायित्व मध्ये बहुपक्षीय ऋणको अंश ८८.१ प्रतिशत रहेको छ भने द्विपक्षीय ऋणको अंश ११.९ प्रतिशत रहेको छ।

२५. यस अवधिको तिर्न बाँकी कुल आन्तरिक ऋण मध्ये विकास ऋणपत्रको अंश ६५.३ प्रतिशत रहेको छ भने ट्रेजरी विल, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अंश क्रमशः ३३.५ प्रतिशत, १.२ प्रतिशत र ०.१ प्रतिशत रहेको छ।

**चार्ट(५): २०७७ पौषमसान्तसम्म तिर्न बाँकी सार्वजनिक ऋणको संरचना** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय।

## वित्तीय क्षेत्र

२६. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपात बढ्दै गएको छ। कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात १.८४ प्रतिशत पुगेको छ भने विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात बढ्दै ७.५९ प्रतिशत पुगेको छ।

२७. २०७६ पौषसम्म ७४५ स्थानीय तहमा वाणिज्य बैंकको शाखा सङ्ख्या पुगेकोमा २०७७ पौषसम्म यस्तो सङ्ख्या ७४९ पुगेको छ। त्यस्तै २०७६ पौषसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६४ रहेकोमा २०७७ पौष मसान्तमा सो सङ्ख्या १४४ कायम भएको छ। २०७६ पौष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९,३९४ रहेकोमा २०७७ पौष मसान्तमा यस्तो सङ्ख्या १०,१८७ पुगेको छ।

**तालिका (१०): पौषसम्मको वित्तीय परिसूचकहरू**


| वित्तीय सूचकहरु | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | १०१.९५ | १०२.७८ | ११३.७३ |
| कुल कर्जा | ९१.२१ | ९१.३६ | ९७.२१ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | १.७५ | १.७७ | १.८४ |
| विपन्न क्षेत्र कर्जा | ६.६१ | ७.०० | ७.५९ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १५७ | १६४ | १४४ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ७,५९१ | ९,३९४ | १०,१८७ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७०३ | ७४५ | ७४९ |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २५६.५८ | ३११.१२ | ३४६.७२ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १३.६० | १४.९८ | १६.०२ |
| एटिएम (सङ्ख्यामा) | ३०४९ | ३,६६२ | ४,२५४ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.७२ | ६.७९ | ५.०० |
| कर्जा | १२.२८ | ११.९४ | ९.०९ |

स्रोतः नेपाल राष्ट्र बैंक।

## बीमा क्षेत्र

२८. चालु आर्थिक वर्षको पौष महिनासम्म बीमा प्रिमियम संकलनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २९.६ प्रतिशतले वृद्धि भई रू.७८ अर्ब ४० करोड संकलन भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू.६० अर्ब ५१ करोड रहेको थियो। यस अवधिमा संकलित बीमा प्रिमियम मध्ये जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८०.६ प्रतिशत र १९.४ प्रतिशत रहेको छ।

**चार्ट(६): मासिकरूपमा बीमा प्रिमियम संकलनको स्थिति** (रू. करोडमा)




| | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|---|---|
| आ.व. २०७६/७७ | १२९४.९ | ८१४.९ | १०३०.२ | ३०२.५ | ९९४.४ | १६१४.१ |
| आ.व. २०७७/७८ | १५७५.० | ९८०.० | १४३१.० | ९२४.० | १२५०.० | १६८०.० |
| वृद्धिदर (दायाँ अक्ष) | २१.६ | २०.३ | ३८.९ | २०५.५ | २५.७ | ४.१ |

आ.व. २०७६/७७ आ.व. २०७७/७८ वृद्धिदर (दायाँ अक्ष)

स्रोत: बीमा समिति।

२९. २०७७ पौष मसान्तसम्म २१.९३ प्रतिशत जनसङ्ख्यामा बीमाको पँहुच रहेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या २४.४३ प्रतिशत पुगेको छ। २०७६ पौषमसान्तसम्म यस्तो जनसङ्ख्या २७.१४ प्रतिशत रहेको थियो।

३०. आर्थिक वर्ष २०७६/७७ को तुलनामा चालु आर्थिक वर्षको हरेक महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ। मासिकरुपमा विश्लेषण गर्दा पौष महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ भने कार्तिक महिनामा सबैभन्दा न्यून रहेको छ। यद्यपि बीमा प्रिमियम संकलन कार्तिक महिनामा न्यून रहेपनि वृद्धिदर भने २०७६ कार्तिक महिनाको तुलनामा उच्च रहेको छ। पौष महिनामा बीमा प्रिमियम उच्च रहेपनि वृद्धिदर भने न्यून (४.१ प्रतिशत) रहेको छ।


## पुँजी बजार

३१. २०७६ पौषमसान्तमा १२६३.४ विन्दुमा रहेको नेप्से पुँजी २०७७ पौष मसान्तमा बढेर २२८६.६ विन्दु कायम भएको छ। पछिल्लो २ दशकको पौषमसान्तको नेप्से पुँजीको प्रवृत्ति हेर्दा २०७७ पौषमसान्तमा नेप्से सूचकाङ्क सबैभन्दा उच्च विन्दुमा रहेको छ। यस अवधिमा नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीहरुको सङ्ख्या २१५ रहेको छ।

३२. चालु आर्थिक वर्षको श्रावण १ गते १३९४.७ बिन्दुमा रहेको नेप्से पुँजीमा सुधार भई २०७७ पौष २९ गते २२८६.६ बिन्दुमा पुगेको छ।

३३. कोरोना महामारीको समयमा समेत नेप्से सूचकाङ्क क्रमशः बढ्दै गएको हुँदा नेपालको पुँजी बजार सबल तथा सुधारोन्मूख हुँदै संस्थागतबद्ध भएको देखिन्छ। पुँजी बजारमा लगानीकर्ताहरू आकर्षित हुने क्रम बढ्दै गएको कारणले नेप्से पुँजी हालसम्मकै उच्च बिन्दुमा पुगेको छ।


चार्ट (७) : पछिल्लो २ दशकको पौषमसान्तको नेप्से सूचकाङ्क



स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

३४. वार्षिक विन्दुगत आधारमा २०७७ पौष मसान्तमा बजार पुंजीकरण अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९१.२ प्रतिशतले वृद्धि भई रू.३० खर्ब ७९ अर्ब ९४ करोड पुगेको छ। २०७६ पौष मसान्तमा यस्तो रकम रू.१६ खर्ब १० अर्ब ६९ करोड रहेको थियो। २०७७ पौष मसान्तमा बजार पुंजीकरण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ८१.८ प्रतिशत पुगेको छ। २०७६ पौष मसान्तमा यस्तो अनुपात ४६.६ प्रतिशत रहेको थियो।


चार्ट (८): पछिल्लो ५ वर्षको पौषमसान्तसम्मको बजार पुँजीकरणको स्थिति (रू. अर्बमा)



स्रोत: नेपाल राष्ट्र बैङ्क।

३५. २०७७ पौष महिनामा नेप्से पुंजीमा उल्लेखनीय सुधार आएको छ। पौष १ गते नेप्से सूचकाङ्क २०५५.२ विन्दुमा रहेकोमा पौष २९ गते महिनाकै सबैभन्दा उच्च २२८६.५ विन्दुमा पुगेको छ। पौष ५ गते यस्तो पुँजी सबैभन्दा न्यून रहेको थियो। २०७७ पौष महिनामा कुल २१ दिन पुँजी बजार कारोवार भएको छ।

चार्ट (९) : २०७७ पौष महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

३६. २०७७ पौष महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ३.५६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.८४ प्रतिशत रहेको थियो। २०७७ पौष महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.२७ प्रतिशत र गैर खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति २.९९ प्रतिशत रहेको छ।

चार्ट (१०): वार्षिक विन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको पौष महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोतः नेपाल राष्ट्र बैंक।

३७. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ३.७२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.४१ प्रतिशत रहेको थियो। पछिल्लो ५ वर्षको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७४/७५ को पहिलो ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा न्यून ३.४६ प्रतिशत रहेको थियो भने गत आर्थिक वर्षको सोही अवधिको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा उच्च रहेको थियो। यस अवधिमा घ्यू तथा तेल, फलफूल, दाल तथा गेडागुडी, मासु तथा माछा उपसमुहको मूल्य वृद्धि उच्च रहेको छ।

तालिका (११) : ५ वर्षको पहिलो ६ महिनाको उपभोक्ता मुद्रास्फीतिको स्थिति

| महिना | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| श्रावण | ८.६१ | २.२८ | ४.१९ | ६.९५ | ३.४९ |
| भदौ | ७.८९ | ३.३९ | ३.८७ | ६.१६ | ४.५२ |
| असोज | ६.७३ | ३.१० | ४.६८ | ६.२१ | ३.७९ |
| कार्तिक | ४.७५ | ३.८५ | ४.१५ | ५.७६ | ४.०५ |
| मंसिर | ३.८३ | ४.१६ | ३.७१ | ६.५५ | २.९३ |
| पौष | ३.१५ | ४.०० | ४.५८ | ६.८२ | ३.५६ |
| **औसत मुद्रास्फीति** | **५.८३** | **३.४६** | **४.२०** | **६.४१** | **३.७२** |

स्रोतः नेपाल राष्ट्र बैंक।

## थोक मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क

३८. २०७७ पौषमा वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति ६.१८ प्रतिशत रहेको छ। २०७६ पौषमा यस्तो मुद्रास्फीति ७.८८ प्रतिशत रहेको थियो।

३९. २०७७ पौषमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क १.७२ प्रतिशतले बढेको छ। २०७६ पौषमा यस्तो सूचकाङ्क १०.०४ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

## वस्तु निकासी

४०. आर्थिक वर्ष २०७७/७८ को पौष महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.१५ प्रतिशतले वृद्धि भई रू.६० अर्ब ८० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू.५७ अर्ब २८ करोड रहेको थियो।

४१. गन्तव्यका आधारमा भारत र अन्य देशतर्फको वस्तु निकासी क्रमशः ८.४ प्रतिशत र ४.० प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निकासी क्रमशः ५०.० प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारततर्फको वस्तु निकासी ४५.८ प्रतिशतले बढेको थियो भने चीन र अन्य देशतर्फको निकासी क्रमशः ८.५ प्रतिशत र ३.८ प्रतिशतले घटेको थियो।

४२. चालु आर्थिक वर्षको पौषसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७१.६ प्रतिशत, ०.८ प्रतिशत र २७.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७०.१ प्रतिशत, १.८ प्रतिशत र २८.१ प्रतिशत रहेको थियो।

**तालिका (१२): पौष महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| निकासी वस्तुहरु | २०७६/७७ | निकासीमा अंश | २०७७/७८ | निकासीमा अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| प्रशोधित भटमासको तेल | ४३७.७४ | ७.६४ | १७०३.३३ | २८.०२ | २८९.१२ |
| सेन्थेटिक यार्न | ४२१.३९ | ७.३६ | ३८६.१२ | ६.३५ | -८.३७ |
| अलैंची | २५१.८२ | ४.४० | ३८१.७६ | ६.२८ | ५१.६० |
| उनी गलैंचा कार्पेट | ३६३.०८ | ६.३४ | ३५२.८४ | ५.८० | -२.८२ |
| तयारी कपडा | २९६.२७ | ५.१७ | २८९.६७ | ४.७६ | -२.२३ |
| चिया | १६५.७ | २.८९ | २७७.५४ | ४.५६ | ६७.५० |
| जमोठ कपडा | १३४.२९ | २.३४ | २१७.१४ | ३.५७ | ६१.६९ |
| जुटका बुनिएका कपडा | १५४.४२ | २.७० | १९१.७९ | ३.१५ | २४.२० |
| फलफुलको जुस | १८२.३१ | ३.१८ | १६४.८९ | २.७१ | -९.५६ |
| अन्य कपडा (उनी, सुती, टेरीकटन बाहेकका) | १६९.२९ | २.९६ | १६२.८ | २.६८ | -३.८३ |
| अन्य वस्तुहरु | ३१५१.५३ | ५५.०२ | १९५२.०५ | ३२.११ | -३८.०६ |
| **जम्मा निकासी** | **५७२७.८४** | **१००.००** | **६०७९.९३** | **१००.००** | **६.१५** |

स्रोतः भन्सार विभाग।

४३. वस्तुगत आधारमा प्रशोधित भटमासको तेल, चिया, अलैंची, जमोठ कपडा, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ भने सेन्थेटिक यार्न, उनी गलैचा कार्पेट, तयारी कपडा, फलफूलको जुस लगायतका वस्तुको निकासी संकुचन भएको छ।

४४. यस अवधिको कुल वस्तु निकासी मध्ये प्रशोधित भटमासको तेलको अंश २८.० प्रतिशत रहेको छ। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुहरुको कुल निकासीमा अंश दुई तिहाई भन्दा बढी रहेको छ। चालु आर्थिक वर्षमा निकासी भएका प्रमुख १० वस्तुहरुको गत आर्थिक वर्षको सोही अवधिको निकासीमा अंश ४५.० प्रतिशत रहेको थियो। प्रमुख १० वस्तुहरुको कुल निकासीमा अंश दुई तिहाई भन्दा बढी हुनुले आगामी दिनमा वस्तु निकासी विविधिकरणमा बढी जोड दिनुपर्ने देखिन्छ।

## वस्तु पैठारी

४५. चालु आर्थिक वर्ष २०७७/७८ को पौषमहिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको ६ खर्ब ९४ अर्ब ६९ करोडको तुलनामा ४.८१ प्रतिशतले कमी आई रू.६ खर्ब ६१ अर्ब २५ करोड रहेको छ।

**तालिका (१३): पौष महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| प्रमुख पैठारी वस्तुहरु | २०७६/७७ | पैठारीमा अंश | २०७७/७८ | पैठारीमा अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ४९१४.८० | ७.०७ | ३२९३.६९ | ४.९८ | -३२.९८ |
| एम.एस.विलेट | २२२५.९१ | ३.२० | २९८२.६६ | ४.५१ | ३४.०० |
| मोवाइल टेलिफोन | ११७८.८५ | १.७० | २०६३.०३ | ३.१२ | ७५.०० |
| कच्चा भटमासको तेल | ७९६.६१ | १.१५ | १७६७.०१ | २.६७ | १२१.८२ |
| तयारी कपडा | १८३५.४५ | २.६४ | १५०५.०३ | २.२८ | -१८.०० |
| चामल | १०५३.४८ | १.५२ | १४९४.७१ | २.२६ | ४१.८८ |
| एल. पि. ग्यास | १४८७.५४ | २.१४ | १४०३.६१ | २.१२ | -५.६४ |
| पेट्रोल | १८२७.२० | २.६३ | १२९६.४२ | १.९६ | -२९.०५ |
| एच.आर.सिट | १४२८.५४ | २.०६ | १२३७.८७ | १.८७ | -१३.३५ |
| सुन | ८००.८१ | १.१५ | १२२१.३६ | १.८५ | ५२.५२ |
| अन्य | ५१९२०.१२ | ७४.७४ | ४७८५९.२२ | ७२.३८ | -७.८२ |
| कुल वस्तु पैठारी | ६९४६९.३१ | १००.०० | ६६१२४.६१ | १००.०० | -४.८१ |

स्रोतः भन्सार विभाग।

४६. गन्तव्यका आधारमा भारतबाट भएको पैठारी ३.५ प्रतिशतले बढेको छ भने चीन र अन्यदेशबाट भएको पैठारी क्रमशः १८.५ प्रतिशत र १७.४ प्रतिशतले घटेको छ। कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६६.४ प्रतिशत, १४.६ प्रतिशत र १९.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ६१.० प्रतिशत, १७.० प्रतिशत र २२.० प्रतिशत रहेको थियो।

४७. वस्तुगत आधारमा एम.एस.विलेट, मोबाईल टेलिफोन, कच्चा भटमासको तेल, चामल, सुन लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, तयारी कपडा, एल.पी.ग्यास, पेट्रोल, एच.आर.सिट लगायतका वस्तुको पैठारी घटेको छ।


४८. यस अवधिको कुल वस्तु पैठारी मध्ये डिजेलको अंश करिव ५.० प्रतिशत रहेको छ। यस अवधिमा पैठारी भएका प्रमुख १० वस्तुहरुको कुल निकासीमा अंश २७.६ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा पैठारी भएका प्रमुख १० वस्तुहरुको गत आर्थिक वर्षको सोही अवधिको पैठारीमा अंश २५.३ प्रतिशत रहेको थियो। प्रमुख १० वस्तुहरुको कुल पैठारीमा अंश एक तिहाई भन्दा न्यून हुनुले पैठारी भएका अन्य वस्तुहरुको अंश पनि उल्लेखनीय रहेको देखिन्छ।

४९. पछिल्लो समयमा कोरोना महामारीको कारण होटल तथा रेष्टुरेण्ट व्यवसाय पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नु तथा विद्युत उत्पादनसँगै यसको खपत पनि बढ्दै जानुले पेट्रोलियम पदार्थको पैठारी घटेको छ।

## व्यापार सन्तुलन

५०. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वस्तु व्यापार घाटा ५.८ प्रतिशतले संकुचन भई रू. ६ खर्ब ४ करोड रहेको छ। गत आथिक वर्षमा यस्तो घाटा ६.१ प्रतिशतले संकुचन भई रू. ६ खर्ब ३७ अर्ब ४१ करोड रहेको थियो। वस्तु निकासीमा भएको वृद्धि र वस्तु पैठारीमा भएको संकुचनको कारण वस्तु व्यापार घाटामा सुधार भएको छ। आर्थिक वर्ष २०७६/७७ को सुरूदेखि नै संकुचन भएको वस्तु पैठारी त्यसपछिका समयमा निरन्तर संकुचन हुँदै गएको हुँदा सो को प्रभाव व्यापार सन्तुलनमा परेको छ।


चार्ट (११): पछिल्लो ५ आर्थिक वर्षको पौषसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू.अर्बमा)




स्रोतः भन्सार विभाग।

५१. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारतसँगको व्यापार घाटा ३.० प्रतिशतले सुधार भएको छ भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १८.३ प्रतिशत र १९.९ प्रतिशतले बढेको छ। पछिल्लो समयमा चीनतर्फको निकासी कमजोर बन्दै गएको कारण चीनसँगको व्यापार घाटा थप फराकिलो बन्दै गएको हो।

### तालिका (१२): पौष महिनासम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग।

५२. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.४२ प्रतिशत र ९१.५८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.६२ प्रतिशत र ९२.३८ प्रतिशत रहेको थियो।

५३. यस अवधिको कुल वस्तु निकासी मध्ये खाद्य तथा पेय पदार्थको अंश ४६.५ प्रतिशत, औद्योगिक वस्तु ३१.२ प्रतिशत, उपभोग्य वस्तुहरु (अन्य वर्गीकरण नगरिएको) २१.४ प्रतिशत र अन्यको ०.९ प्रतिशत रहेको छ। यसबाट नेपालबाट निकासी हुने वस्तुहरूमा प्राथमिक वस्तुहरुको हिस्सा उच्च र पुँजीगत वस्तुको हिस्सा अत्यन्त न्यून रहेको देखिन्छ। त्यसैगरी यस अवधिको कुल वस्तु पैठारी मध्ये औद्योगिक वस्तुको अंश ३६.८ प्रतिशत, खाद्य तथा पेय पदार्थ १८.५ प्रतिशत, पुँजीगत वस्तुहरु १५.४ प्रतिशत, ईन्धन ११.६ प्रतिशत, यातायातका सामान ८.१ प्रतिशत, उपभोग्य वस्तुहरु (अन्य वर्गीकरण नगरिएको) ९.२ प्रतिशत र अन्यको ०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षको पौषसम्मको वस्तु पैठारीमा ईन्धनको अंश करिव ३.२ प्रतिशत विन्दुले संकुचन भएको छ।

### तालिका (१४): पौष महिनासम्मको वस्तु निकासी र पैठारीको संरचना

| शीर्षक | २०७६-७७ | | २०७७-७८ | |
|---|---|---|---|---|
| | पैठारीमा अंश | निकासीमा अंश | पैठारीमा अंश | निकासीमा अंश |
| खाद्य तथा पेय पदार्थ | १५.० | ४६.६ | १८.५ | ४६.५ |
| औद्योगिक वस्तुहरु (अन्य वर्गीकरण नगरिएको) | ३५.२ | ३०.८ | ३६.८ | ३१.२ |
| ईन्धन | १४.८ | ०.० | ११.६ | ०.० |
| पुँजीगत वस्तुहरु तथा पार्टस (यातायातका सामान वाहेक) | १५.१ | ०.५ | १५.४ | ०.१ |
| यातायातका सामान तथा पार्टस | १०.० | ०.२ | ८.१ | ०.८ |
| उपभोग्य वस्तुहरु (अन्य वर्गीकरण नगरिएको) | ९.७ | २१.८ | ९.२ | २१.४ |
| अन्य वर्गीकरण नगरिएका वस्तुहरु | ०.२ | ०.० | ०.५ | ०.० |
| **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः नेपाल राष्ट्र बैंङ्क।

## सेवा व्यापार

५४. आर्थिक वर्ष २०७७/७८ को पौषसम्म कुल सेवा आय गत आर्थिक वर्षको सोही अवधिको रू.९० अर्ब ७० करोडको तुलनामा ५५.१ प्रतिशतले संकुचित भई रू.४० अर्ब ७४ करोड रहेको छ। साथै, यस अवधिमा सेवा खर्चमा २९.७ प्रतिशतले संकुचन भई रू.६६ अर्ब ४० करोड रहेको छ।

५५. आर्थिक वर्ष २०७७/७८ पौषसम्म खुद सेवा आय रू.२५ अर्ब ६७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.३ अर्ब ७३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

५६. आर्थिक वर्ष २०७७/७८ को पौषसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू.४ खर्ब ४५ अर्ब ९५ करोडको तुलनामा ११.१ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ९५ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले बढेको थियो।

५७. आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ७७.६ प्रतिशतले घटेर ३० हजार ८ सय ३७ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १७.७ प्रतिशतले बढेर १ लाख ३७ हजार ४ सय रहेको थियो।

५८. यस अवधिमा वैदेशिक रोजगारीको लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ६८.९ प्रतिशतले घटेर ४१ हजार ५ सय २९ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ०.५ प्रतिशतले बढेर १ लाख ३३ हजार ४ सय ७३ रहेको थियो।

## चालु खाता पुँजी शोधनान्तर स्थिति

५९. आर्थिक वर्ष २०७७/७८ को पौष महिनासम्म शोधनान्तर स्थिति रू.१ खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२६ अर्ब ६५ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू.४९ अर्ब ५३ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.७९ अर्ब ६५ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

६०. २०७६ पौष मसान्तमा रू.१० खर्ब ९५ अर्ब ९८ करोड रहेको विदेशी विनिमय सञ्चिति २०७७ पौष मसान्तमा ३६.३ प्रतिशतले बढेर रू.१४ खर्ब ९३ अर्ब ७५ करोड पुगेको छ।

६१. आर्थिक वर्ष २०७७/७८ को पौषसम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १३.९ महिनाको वस्तु आयात र करिब १२.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने देखिन्छ।

## विनिमय दर

६२. २०७७ असार मसान्तको तुलनामा २०७७ पौष मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ३.० प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११६.९२ कायम भएको छ। २०७६ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

## वैदेशिक लगानी

६३. आर्थिक वर्ष २०७७/७८ को पौष महिनासम्म विदेशी लगानीमा दर्ता भएका उद्योगको सङ्ख्या (उद्योग विभागमा दर्ता भएका) मा गत आर्थिक वर्षको तुलनामा १८.० प्रतिशतले कमी आई १२३ कायम रहेको छ। उद्योगमा कुल स्वीकृत लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.२ प्रतिशतले कमी आई रू.२३ अर्ब ४७ करोड रहेको छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका कुल १५० उद्योग दर्ता भई कुल स्वीकृत विदेशी लगानी रू.२७ अर्ब ६९ करोड रहेको थियो।

तालिका (च): पौषसम्मको स्वीकृत विदेशी लगानी र उद्योग दर्ता सङ्ख्या

| आर्थिक वर्ष | स्वीकृत विदेशी लगानी (रू..करोडमा) | प्रतिशत परिवर्तन | उद्योग दर्ता सङ्ख्या | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| २०७३/७४ | ८३०.८० | २७.८ | १८९ | २२.७ |
| २०७४/७५ | १४००.७५ | ६८.६ | १६८ | -११.१ |
| २०७५/७६ | १०२५.३६ | -२६.८ | १९६ | १६.७ |
| २०७६/७७ | २७६८.५७ | १७०.० | १५० | -२३.५ |
| २०७७/७८ | २३४७.४८ | -१५.२ | १२३ | -१८.० |

स्रोतः उद्योग विभाग।

६४. २०७७ पौषमसान्तसम्म लगानी वोर्डबाट अध्ययनका लागि अनुमति प्रदान गर्न स्वीकृत भएका वैदेशिक लगानीमा सञ्चालन हुने ७ परियोजनाको कुल लगानी रू.३ खर्ब ५६ अर्ब ८३ करोड पुगेको छ।

६५. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.२ प्रतिशतले संकुचन भई रू. ७ अर्ब ६६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रू. १२ अर्ब २० करोड रहेको थियो।

तालिका (१५): चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसुचकहरुको पौषसम्मको मासिक विवरण (रू. करोडमा)

| बाह्य क्षेत्रका सूचकहरु | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| निकासी | ९६२.० | १०८२.३ | १०६०.३ | ९१५.४ | ९८५.६ | १०७४.४ | **६०७९.९** |
| पैठारी | ८५८०.८ | ९३०३.८ | ११३४२.४ | ११०२२.० | १२३००.८ | १३५७४.७ | **६६१२४.५** |
| व्यापार घाटा | ७६१८.८ | ८२२१.५ | १०२८२.१ | १०१०६.६ | ११३१५.२ | १२५००.४ | **६००४४.६** |
| विप्रेषण आप्रवाह | ९२७१.५ | ७३०१.८ | ९३१२.६ | ७८८६.२ | ७९०८.६ | ७८५०.३ | **४९५३१.०** |
| चालु खाता सन्तुलन | २५४१.३ | ६५.३ | ८२९.७ | -१३९०.५ | -४१७७.७ | -२८२१.६ | **-४९५३.४** |
| शोधानान्तर स्थिति | ५१४६.५ | १६१६.१ | ३३४६.० | ९५६.१ | -४१६.७ | १८४३.६ | **१२४९१.७** |
| विदेशी विनिमय सञ्चिति # | ३४८९.८ | -३०६.७ | ३६५९.३ | ३५७९.७ | -३१७२.० | १९४१.३ | **१४९३७५.०** |
| पर्यटक आगमन (सङ्ख्यामा) | २६७ | ५८४ | २०२५ | १९५३ | ४२४५ | ८८७४ | **१७९४८** |

स्रोतः नेपाल राष्ट्र बैङ्क/भन्सार विभाग।

#२०७७ असार मसान्तको विदेशी विनिमय सञ्चिति रू. १४ खर्ब २ अर्बलाई समावेश गरीएकोले २०७७ पौषसम्म यस्तो सञ्चिति रू. १४ खर्ब ९४ अर्ब पुगेको।


६६. सन् २०१९ मा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा ८०.८ प्रतिशतले उच्च संकुचन भई २ लाख ३० हजार ८५ मा झरेको छ। कोरोना महामारीको कारण २०२० को मार्चदेखि नेपाल आउने पर्यटकको सङ्ख्यामा उच्च दरले संकुचन आएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२० देखि जनवरी २०२१ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको ६ लाख ३२ हजार ३ सय १९ को तुलनामा

९७.२ प्रतिशतले संकुचन भई १७ हजार ९ सय ४८ रहेको छ। सन् २०२१ को पहिलो महिना (जनवरी) मा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या ८८७४ रहेको छ।

## कम्पनी दर्ता

६७. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप कम्पनी दर्ता सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १३ हजार ९१ को तुलनामा १२.८ प्रतिशतले वृद्धि भई १४ हजार ७ सय ७१ पुगेको छ। कोरोना महामारीको समयमा समेत कम्पनी दर्ता सङ्ख्यामा विस्तार हुनुले व्यवसाय सञ्चालन क्रमशः सहज बन्दै गएको र व्यवसायीहरुको आत्मविश्वास बढ्दै गएको देखिन्छ।

**चार्ट (१३) : थप कम्पनी दर्ताको मासिक विवरण** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय/अर्थ बुलेटिन।

६८. कम्पनी दर्ताको मासिक प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७६/७७ को तुलनामा चालु आर्थिक वर्षको असोज महिना देखि पौषसम्म थप कम्पनी दर्ताको सङ्ख्या बढेको छ। श्रावण र भदौ महिनामा भने तुलनात्मक रुपमा यस्तो सङ्ख्या न्यून रहेको छ।

## नीतिगत तथा कानुनी विषय र राय परामर्श

६९. नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई बाँडफाँट गरिएको।

७०. नेपाल पुनर्बीमा कम्पनी लिमिटेड कर्मचारी सेवा शर्त (पहिलो संशोधन) विनियमावली, २०७७ स्वीकृत गरिएको।

७१. नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था कर्मचारी सेवा शर्त विनियमावली (दोस्रो संशोधन), २०७७ मा स्वीकृति प्रदान गरिएको।

७२. नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०७७, आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (प्रथम संशोधन) मापदण्ड, २०७७ स्वीकृत भएको ।

७३. आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित गरिएको।

७४. यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएका दुई (२) वटा रिटहरूः ०७७-wo-०४११ र ०७७-wo-०४७३, का सम्बन्धमा श्री सर्वोच्च अदालतलाई लिखित जवाफ पठाईएको।

७५. आर्थिक ऐन, २०७७ बमोजिम प्रदान गरिएका राजस्व छुट सम्बन्धी निर्णय सार्वजनिकीकरण भई नेपाल राजपत्रमा सूचना प्रकाशित गरिएको।

## अन्य गतिविधीहरु

७६. नेपाल सरकार(माननीय मन्त्रीस्तर) को मिति २०७७/०९/०२ को निर्णयानुसार, Rural Poor Stimulus Fund for Nepal; supporting COVID-19 recovery through accelerated Private investment in Agriculture आयोजना सञ्चालनका लागि सचिव (राजस्व) रामशरण पुडासैनीको संयोजकत्वमा कार्यक्रम सञ्चालन समिति (Project Steering Committee) गठन गरिएको।

७७. व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ बमोजिम अर्थ सचिवज्यूको अध्यक्षतामा कर्जा प्रवाह सञ्चालक समितिको दोस्रो बैठक मिति २०७७/०९/०८ का दिन भई विभिन्न निर्णयहरु भएको।

७८. माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको मिति २०७७/०९/१७ मा वसेको बैठकले आर्थिक पुनरूत्थानका लागि ल्याईएका सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जाको पहुँच लक्षित वर्गमा पुग्ने गरी कर्जा प्रवाह गर्ने निर्णय गरेको।

७९. नेपाल राष्ट्र बैक, नेपाल बैकर्स संघ, नेपाल उद्योग परिसंघ, नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियशन नेपाल (एनप्याब्सन),उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान), घरेलु तथा साना उद्योग महासंघ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) र नेपाल चेम्बर अफ कमर्शमा व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ पुस्तिका जानकारी तथा कार्यान्वयनका लागि पठाइएको।

८०. आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्यको बुँदा नं.३०८, ३०९ र ३१० मा व्यवस्था भएको सार्वजनिक संस्थानसँग सम्बन्धित विषयहरुको प्रगति तथा वार्षिक स्थितिको समीक्षा सम्बन्धी बैठक मिति २०७७/०९/२२ मा सम्पन्न भएको।

८१. नेपाल सरकारको घोषित नीति अनुरुप राष्ट्रसेवक कर्मचारीहरुको कोरोना बीमा वापतको प्रिमियम रकमको १०० प्रतिशत र सर्वसाधारण नागरिकको कोरोना बीमाको प्रिमियम वापतको ५० प्रतिशत हुन आउने रकम नेपाल सरकारले व्यहोरे वापतको पहिलो चरणमा उपलब्ध गराउनु पर्ने रकम रु.४१ करोड ९५ लाख १४ हजार ७ सय बीमा समितिलाई उपलब्ध गराउने निर्णय भएको।

८२. सहुलियपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संसोधन सहित) बमोजिम बैक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने कर्जाको कार्यविधिमा तोकिए बमोजिमको कार्यक्षेत्रमा प्रवाह भएको कर्जाको ब्याज अनुदान वापत थप रु.३ अर्ब नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराइएको।

८३. आर्थिक अनुशासन, वित्तीय सुशासन कायम गरी खर्चमा मितव्यिता कायम गर्ने यस मन्त्रालयबाट विभिन्न मितिमा भएका परिषत्रबमोजिम विभिन्न सरोकारवाला मन्त्रालय तथा मातहतका सार्वजनिक संस्थान / बोर्ड / परिषद् / समितिमा आर्थिक दायित्व पर्ने विषयको निर्णयको जानकारी तोकिएको ढाँचामा उपलब्ध गराइएको।

८४. विद्युतीय ग्रीड आधुनिकीकरणका लागि नेपाल सरकार र एसियाली विकास बैंक बीच २०७७ साल पौष १५ गते १८ अर्ब २५ करोड रुपैयाँ (अमेरिकी डलर १५६ मिलियन) बराबरको ऋण सम्झौतामा हस्ताक्षर भएको।

८५. नेपाल सरकार र विश्व बैंकबीच २०७७ साल पौष ६ गते साढे नौ अर्ब रुपैयाँ (८ करोड अमेरिकी डलर) बराबरको ग्रामीण उद्यम र आर्थिक

विकास आयोजना सञ्चालन सम्बन्धी वित्तीय सम्झौतापत्रमा हस्ताक्षर भएको।

८६. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपाल, मल्दिभ्स र श्रीलङ्काका लागि विश्व बैङ्कका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसबीच २०७७ पौष ६ गते अर्थ मन्त्रालयमा वार्ता सम्पन्न भएको छ। उक्त भेटवार्ता विश्व बैङ्क समूहको सहयोगमा नेपालमा सञ्चालित आयोजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गर्नुका साथै भावि दिनमा बैङ्कको सहयोग विस्तार गर्ने र थप आयोजना कार्यान्वयन गर्ने विषयमा केन्द्रित भएको थियो।